जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २२० २०७९ साल चैत २० गते सोमबार (3 Apr. 2023 Monday) मूल्य रु. ५/-

हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सहकारी क्षेत्रको वर्तमान समस्या.. ३ पृष्ठमा : माग सम्बोधन हुन्छ, घर ... ३ पृष्ठमा तल्लो अदालतको फैसलाविरुद्ध..

## ट्र्याक्टर पल्टिदा चालकको मृत्यु, बोलेरोको ठक्करबाट एक बृद्धको ज्यान गयो



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

सप्तरीको बोदेवर्साइन नगरपालिकामा आइतबार बिहान ट्र्याक्टर पल्टिदा चालकको मृत्यु भएको छ भने अर्को दुर्घटनामा बोलेरोको ठक्करबाट एक पैदल यात्रीको ज्यान गएको छ ।

सो नगरपालिका वडा नं. ३ सारस्वरस्थित पुर्वारी टोलमा ट्र्याक्टर पल्टिदा चालक सोही वडाका २२ वर्षिय पंकज यादवको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सारस्वरबाट धनगढीतर्फ जादै गर्दा अचानक अनियन्त्रित भइ सो दुर्घटना भएको प्रहरीले जनाएको छ । मृतकको शव पोस्टमार्टमा लागी अस्पताल पठाइ घटनाबार थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै शनिबार जिल्लाको सुरुङ्गा नगरपालिका १ ईटा भठास्थित भेडियाबाट सिस्वारीतर्फ जादै गरेको बोलेरोले पैदल यात्रीलाई ठक्कर दिदा पैदल यात्रीको घटनास्थलमै मृतयु भएको छ ।

स.१च.१४१९ नं. को बोलेरोले बिपरित दिशाबाट आईरहेको साईकल यात्री सोही नगरपालिका २ निवासी ६१ वर्षिय गम्भिर सिंह कार्कीलाई ठक्कर दिएको थियो ।

घटनापछि चालक फरार रहेको तथा सहचालक स्थानिय १८ वर्षिय दिलीप सदालाई प्रहरीले नियन्त्रणमा लिएको तथा उक्त घटना वारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## मोटरसाइकलको ठक्करबाट बाछीको मृत्यु, चालक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

सप्तरीको बोदेबर्साईन नगरपालिका १ धनगढीस्थित भित्री सडक खण्डमा शनिबार मोटरसाइकलको ठक्करबाट एक बाछीको ज्यान गएको छ ।

उत्तरबाट दक्षिणतर्फ जादै गरेको स.८प.६४८३ न.को मोटरसाइकलले ठक्कर दिँदा बाछिको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा मोटरसाइकल चालक स्थानिय २२ वर्षिय रामनाथ यादव घाइते भएका छन् । प्रहरीका अनुसार ठक्करबाट ज्यान गएको बाछीलाई घरकै जमिनमा खाल्टो खनि पुरेको अवस्थामा फेला परेको हो ।

यसैगरि जिल्लाको बलानबिहुल वडा नं. ४ पासवान टोलस्थित प्र.२-०१-००१त.२५५० नं. को ट्र्याक्टर घरबाट निकाल्ने क्रममा लडेर चालक घाइते भएका छन् ।

ट्र्याक्टरधनी स्थानिय ३५ वर्षिय संजित मण्डलको घरबाट ट्र्याक्टर चालक ३१ वर्षिय अजय खड्ग मापसे गरि आफै लडि घाईते भएको प्रहरीले जनाएको छ ।

## बलात्कारका अभियुक्त ९ वर्षपछि पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

बलात्कारको आरोपमा अदालतबाट कैद सजाय तोकिएपछी फरार रहेका एक अभियुक्त घटनाको ९ वर्ष पछी पक्राउ परेका छन । पक्राउ पर्नेमा राजविराज नगरपालिका ९ मलेठ निवासी ४२ वर्षिय मो.जाबुल मियाँ छन् ।

प्रहरीका अनुसार टोल कै एक युवतीलाई बलात्कार गरेको आरोपमा उनी माथी जबरजस्ती करणी मुद्दा चलाइएको थियो । सो मुद्दा उपर सुनवाई गर्दै अदालतले २०७० साल चैत्र २० गते ६ वर्ष कैद सजायको फैसला

*बाँकी अन्तिम पृष्ठमा*

## खानेपानीको गुणस्तर परिक्षणका लागि गाउँपालिका कार्यालयमै ल्याब स्थापना



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले युनिसेफको सहयोगमा खानेपानीको गुणस्तर परिक्षणका लागि गाउँपालिका कार्यालयमै ल्याबको स्थापना गरिएको छ ।

आइतबार एक कार्यक्रमबीच गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव र वडा नं. १ का वडा अध्यक्ष दिनेश्वर मिश्रले संयुक्त रुपमा उद्घाटन गरे ।

ल्याब स्थापनाले पानीको गुणस्तर जाच्न र स्वच्छ खानेपानी पिउनुपर्ने भन्ने बिषयमा सचेत गराउनमा सहयोग पुग्ने प्रमुख प्रशासकीय अधिकृत यादवले बताए ।

ल्याबबाट ईकोली, पिएच, आर्सेनिक, टर्बिडिटी, इलेक्ट्रीकल कन्डक्टिभिटी लगायतका ७ वटा जाँच सेवाहरु उपलब्ध हुने युनिसेफका खानेपानी सरसफाई स्वच्छ्ता कार्यक्रम अधिकृत अन्नपूर्णा मिश्रले जानकारी दिए ।

उद्घाटन कार्यक्रममा पानीको जाँच र यसको प्रक्रिया तथा प्रविधिका बारेमा गाउँपालिकाका खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्यक्रमका सम्पर्क ब्यक्ति किशोर कुमार झाले जानकारी दिए ।

सो अवसरमा गाउँपालिकाका जनस्वास्थ्य निरिक्षक दिपक मण्डल, कार्यक्रम अधिकृत राजेश कुमार झा, वास कार्यक्रमका जिल्ला संयोजक रोशन गुप्तालगायतको सहभागिता थियो ।

## उपनिर्वाचनका लागि आज उम्मेदवारी दर्ता

काठमाडौं, १९ चैत (रासस) ।

आगामी वैशाख १० मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि यही चैत २० गते सोमबार (आज) उम्मेदवारको मनोनयनपत्र दर्ता हुँदैछ ।

निर्वाचन आयोगले तय गरेको कार्यक्रम अनुसार निर्वाचनमा भाग लिन दर्ता भएका राजनीतिक दलका तर्फबाट र स्वतन्त्र उम्मेदवारले सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नुहुनेछ ।

गत मङ्सिर ४ गतेको निर्वाचनमा निर्वाचित रवी लामिछाने नागरिकतासम्बन्धी मुद्धामा सर्वोच्च अदालतको फैसलाबाट पदमुक्त भएपछि चितवन क्षेत्र नं. २, राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएपछि तनहुँ निर्वाचन क्षेत्र नं. १ र उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित भएपछि बारा निर्वाचन क्षेत्र नं. २ का लागि उपनिर्वाचन हुन लागेको हो ।

उपनिर्वाचनका लागि शनिबार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## सम्पादकीय ....

# विद्युत नियमित तर्फ ध्यान पुगोस

विगत लामो समयदेखी राजविराजमा विद्युत आपूर्ती सहज थियो । तर अहिले केही दिनयता विद्युत आपूर्ती नियमित हुन सकेको छैन् । बिस्तारै गर्मी बढ्दै जाँदा अहिले विद्युत आपूर्ती असहज हुँदा मानिसहरुले कठिनाईको सामना गर्नु पर्ने अवस्था आएको छ । अनियमित हुँदा पंखा, कुलर, एसी लगायतका विद्युतीय उपकरणहरु नचल्दा मानिसहरुको बेहाल भएको छ ।

जिल्लामा अहिले विद्यतु चुहावट पनि निकै नै हुँदै आएको छ । यसका लागि विद्युत प्राधिकरणले विद्युत चुहावट नियन्त्रणका लागि अभियान नै चलाएको छ । दिनहुँ जसो त्यस्ता गतिविधी गर्ने व्यक्तिलाई पक्राउ समेत गर्ने गरेको छ । यसबाहेक विद्युतिय उपकरणहरुको मर्मत नगर्दा कुनै पनि बेला विद्युत अवरुद्ध भइरहनाले उपभोक्ताहरु मारमा पर्दै आइरहेका छ्न । यसप्रति कुनै सरोकारवालाको ध्यान पुग्न सकेको छैन् । वर्षौंदेखी त्यही उपकरणलाई जडान गरि कामचलाउ तरिकाले मर्मत गरि संचालनमा आएका त्यस्ता उपकरण कामै नलाग्ने हुँदा समेत प्राधिकरणले कुनै वास्ता गरेको देखिन्न् ।

प्राधिकरणले सेवाग्रहीलाई समयमै आफ्नो मर्मत सम्भारको काम गर्नुपर्ने दायित्व बोध हुनु जरुरी छ । तसर्थ यसका लागि प्राधिकरणले आफ्नो मातहतका निकायमा पहल गरि विद्युत नियमित गर्नका लागि आवश्यक कदम चाल्नु पर्छ भने मानिसहरुले विद्युत चुहावट गर्ने कार्यलाई समेत बन्द गरि प्राधिकरणलाई सहयोग गर्नु पर्ने आवश्यकता रहेको छ ।

# सहकारी क्षेत्रको वर्तमान समस्या समाधानका प्रभावकारी उपायहरु



**विश्वनाथ मण्डल**
**अध्यक्ष**
जनज्योति कृषि सहकारी संस्था
लि.रा.वि. ९
**संचालक**
राष्ट्रिय सहकारी बैंक लि.
**मधेश प्रदेश संयोजक**

सामान्यत: सहकारी भनेको सहकार्य, सहअस्तित्व, समान कार्य वा सँग-सँगै गरिने काम हो । आफ्नो आर्थिक सामाजिक र सांस्कृतिक हैसियत माथि उठाउन सँगसँगै मिलेर गरिएको सामुहिक प्रयासलाई नै सहकारी भनिन्छ । सहकारी भन्नाले समान आर्थिक स्तर, इच्छा, रुची र आवश्यकता भएका तथा एउटा निश्चित भौगोलिक सीमा भित्र बसोबास गर्ने वा समान प्रकृतिका कार्यमा संलग्न भएका मानिसहरूले आपसी हितका लागि आर्थिक कारोवार गर्न स्थापना गरिएको संस्था भन्ने बुझिन्छ । सदस्यहरुको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट सञ्चालित व्यवसायमार्फत आफ्ना साझा आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय आवश्यकता एवम् आकांक्षाहरु पूरा गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरुको स्वायत्त संस्था नै सहकारी हो ।

सहकारी देवालय हो जहाँ सबै जात, धर्म, लिङ्ग, भाषा, वर्ण, विचार, आर्थिक अवस्था, आदिमा भेदभाव बिना प्रवेश गर्न सकिन्छ । सहकारीलाई एउटा पवित्र विद्यालयको रुपमा समेत अर्थ्याइएको छ, जहाँ सामाजिक एवम् सहकारी मूल्य, मान्यता, सिद्धान्त र विशिष्ट संस्कृतिको निरन्तर सिकाई हुन्छ । सार्वजनिक र निजी क्षेत्रका साथै सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति नेपाल सरकारले लिएको छ । सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्दछ ।

**"दिगो विकासका लागि सहकारी"**

सहकारीका विशेषताहरु ?

- सहकारी समुदायले समुदायका लागि सञ्चालन गर्ने व्यवसाय हो ।
- शेयर सदस्यहरू सहकारीको स्वामी र ग्राहक दुबै हुन् ।
- सहकारीमा पूँजीको भन्दा सदस्यको महत्त्व हुन्छ ।
- सहकारीले सदस्यको वित्तीय विकासका साथै सामाजिक विकासमा योगदान निर्वाह गरेको हुन्छ ।
- संस्थाका संस्थापक, सञ्चालक तथा कर्मचारीहरू स्थानीय व्यक्ति नै हुन्छन् ।
- संस्थाले विनियमका साथै विभिन्न नीति नियमहरू तयार गरी त्यसैका आधारमा संस्थाका कार्यक्रमहरू सञ्चालन गरिएका हुन्छन् ।
- संस्थामा भएको रकमको निश्चित प्रतिशत संस्थामा तरलता राखी बाँकी रकम आफ्ना सदस्यहरूलाई नै ऋण लगानी गरिएको हुन्छ ।
- सदस्य, संस्थापक र सञ्चालकहरूको लगानी समान र स्वभाविक हुन्छ ।
- प्रजातान्त्रिक ढंगबाट चलेको तथा सहकारीताको भावना र सिद्धान्त बमोजिम गतिविधि सञ्चालन गरिएको हुन्छ ।
- संस्था सस्तो लोकप्रियताबाट नभई बलियो सामाजिक आधारमा केन्द्रिकृत भई सदस्यहरुको भावना अनुरुप सञ्चालन भएको हुन्छ ।
- संस्थामा पर्याप्त शेयर पूँजी तथा अन्य कोष भएको हुन्छ ।
- नियमानुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र बचत सङ्कलन गर्ने र सदस्य भएको केही समय पछि सदस्य भित्र मात्र ऋण लगानी गर्नु पर्ने हुन्छ ।

**सहकारीको विकासक्रम**

रोबर्ट ओवेनलाई सहकारीका जन्मदाता मानिन्छ । सन् १८४४ डिसेम्बर २१ मा बेलायतमा स्थापना भएको रोचडेल सोसाइटी अफ इक्विटेबल पायोनियर नै विश्वको पहिलो आधुनिक सहकारी संस्था हो । अहिले विश्व रोजगारीमा करिब १० प्रतिशत योगदान सहकारीको रहेको छ । सन् २०१७ को तथ्याङ्क अनुसार सहकारी क्षेत्रले विश्वमा करिब २८ करोडलाई रोजगारी अवसर दिएको छ भने ३ सय ठूला सहकारीको वार्षिक कारोवार लगभग २.१ ट्रिलियन अमेरिकी डलर पुगेको छ ।

नेपालमा सहकारी संस्थाको विकासक्रमलाई हेर्ने हो भने राणाकालको गुठी, पैँचो, पर्म, धर्म भकारी, ढुकुटी जस्ता अनौपचारिक संगठन हुँदै विकसित भएको देखिन्छ । चितवन जिल्लाको शारदा नगरमा २०१३ साल चैत्र २० गतेदेखि "बखान ऋण सहकारी संस्था" स्थापना भई सञ्चालनमा आयो । जुन नेपालकै पहिलो सहकारी संस्था हो ।

**"सहकारीको दिगोपन, स्वनियमन र सुशासन"**

**हाम्रो कानूनमा सहकारी**

नेपाल राष्ट्रको विकासमा महत्त्वपूर्ण हिस्सा सहकारी क्षेत्रको रहेको छ । यस भनाइलाई पुष्टी गर्ने संवैधानिक आधारहरू पाइन्छन् । नेपालको संविधानको भाग -४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत राज्यको आर्थिक उद्देश्यमा समृद्ध अर्थतन्त्रको विकास गर्ने एक क्षेत्रको रूपमा सहकारीलाई मानिएको छ ।

यसैगरी राज्यका नीतिहरू अन्तर्गत अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र सहकारी क्षेत्रलाई प्रवर्द्यन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने" उल्लेख गरिएको छ । नेपालको संविधानको भाग २० मा संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध अन्तर्गत "तीन तहहरू बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ" भन्ने उल्लेख गरिएको पाइन्छ ।संविधानको अनुसूचीहरूमा संघको अधिकार अन्तर्गत "सहकारी नियमन" ( क. सं.२८), प्रदेशको अधिकार सूची अन्तर्गत "सहकारी संस्था" (क. सं.२), संघ र प्रदेशको साझा अधिकार सूचीमा "सहकारी" ( क.सं.७), स्थानीय तहको अधिकार सूचीमा "सहकारी संस्था" (क. सं.२), यसै गरी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा "सहकारी" (क.सं.१), मा समावेश गरिएको छ । वर्तमान संविधानले तीन खम्बे अर्थनीति अनुरुप अंगिकार गरेको सहकारी व्यवस्थापनका लागि सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ र नियमनका लागि सहकारी विभागको संरचना रहेको छ । त्यसै गरी संविधानत: दिइएको अधिकार प्रयोग गरी प्रदेश सरकार र स्थानीय तहका सरकारले समेत छुट्टाछुट्टै सहकारी ऐन र नियमावली तथा आवश्यकता अनुसार कार्यविधि र निर्देशिकाहरु तयार गरी लागू गरिएका छन् ।

संविधान र ऐन कानूनका प्रावधानहरूलाई आधार लिई आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारीताको सोच अनुसार सहकारी संस्थाहरूको क्षमता विकासमा राज्यले सहयोग गर्ने र उक्त लक्ष्य प्राप्तिका लागि विभिन्न नीति तथा कार्यक्रमहरूसमेत तय गरी कार्यान्वयन गर्नु आवश्यक रहेको देखिन्छ ।

**नेपालमा सहकारीको वर्तमान अवस्था**

सहकारीको ठूलो सञ्जाल नेपाल राज्यभर छ । सहकारीले कूल ग्राहस्थ उत्पादनमा करिब ४ प्रतिशत योगदान पुर्यातउनुका साथै ६८ हजार ४ सयलाई प्रत्यक्ष योगदान पुर्याकएको छ । नेपालमा हाल करिब ३५ हजार विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्था, ७७ जिल्ला सहकारी संघ, ३२८ विषयगत जिल्ला सहकारी संघ, २० विषयगत केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघ रहेका छन् । अन्तर्राष्ट्रिय सहकारी महासंघमा नेपाल आबद्ध भएको छ । प्रारम्भिक सहकारी संस्थामा करिब ६३ लाख भन्दा बढी सदस्यहरु रहेका छन् । सहकारी संघ संस्थाको कूल शेयर पुँजी रू ७३ अर्ब भन्दा बढी र परिचालित बचत रू. ३ खर्ब २ अर्ब भन्दा बढी रहेको छ। सहकारी संघ संस्थाबाट रू. २ सय ७३ अर्ब ऋण परिचालन भएको छ । सहकारी संस्थामा करिब ५२ प्रतिशत महिला सदस्य रहेका छन् भने सञ्चालकमा महिला सहभागिता ४० प्रतिशतको हाराहारीमा रहेका छन् । यस क्षेत्रले करिब ६१ हजार भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिनुका साथै लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको छ । यसै गरी वित्तीय क्षेत्रका अतिरिक्त उत्पादन र सेवा क्षेत्रका सहकारीहरू जस्तै: कृषि, फलफूल, दुग्ध, स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार, बिद्युत, लगायतका क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका छन् । यद्यपि उत्पादन र सेवा क्षेत्रका सहकारीहरूको योगदानको सही तथ्यांक सार्वजनिक हुन भने सकेको छैन । व्यवहारिक रुपमा सदस्य केन्द्रीत नहुँदा सहकारी टाठा बाठाको स्वार्थ पूर्ति गर्ने माध्यम बन्दै गएको आरोप लाग्ने समेत गरेको सुनिन्छ ।

थोरै-थोरै बचत सङ्कलन र समूह भित्रकै सदस्यहरूलाई सहुलियत ब्याज दरमा कर्जा प्रवाह गरी उद्यमी बन्न तथा व्यक्तिलाई आइपर्ने साना ठूला गर्जो टार्ने सही र सहज माध्यम सहकारी बनेको छ । सरकारले अर्थ व्यवस्थाको तीन खम्बे नीति अन्तर्गत सहकारीलाई प्रमुख एक खम्बा मानी यसको महत्त्वलाई पुष्टी गरेको छ । संघीयता कार्यान्वयनका सन्दर्भमा नेपालको

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# माग सम्बोधन हुन्छ, घर फर्किनुहोस् : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौँ, १९ चैत (रासस)।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले आन्दोलनरत मिटरब्याज पीडितलाई माग सम्बोधन हुने आश्वासनसहित बिदाइ गर्नुभएको छ। अनामनगरस्थित तमु बौद्ध गुम्बा हलमा उहाँले सरकारले सहमति जनाइसकेको अवस्थामा समस्या समाधान हुनेमा विश्वास व्यक्त गर्नुभयो।

मिटरब्याज पीडितका समस्या समाधान गर्न सरकारसँग सहमति भएपछि उनीहरु गृहजिल्ला फर्कने तयारीमा छन्। उहाँले पीडितसँग अवस्था बुझ्दै भन्नुभयो, "तपाईंहरु ढुक्क भएर घर फर्किनुहोस्। तपाईंका माग पूरा गर्ने सन्दर्भमा सहमतिअनुसार लाग्नुपर्ने न्यूनतम समयभन्दा धेरै समय लाग्दैन।"

घर फर्किनुअघि उनीहरुको स्वास्थ्य परीक्षण सुरु गरिएको छ। वीर अस्पतालको टोलीले पीडितहरु आश्रय लिइरहेकै स्थान गुम्बा हलमा पुगी परीक्षण गरेको थियो। मन्त्री श्रेष्ठले भन्नुभयो, "उहाँहरु अब फर्कने तयारीमा हुनुहुन्छ। उताबाट करिब दुई साता हिँडेर आउनुभएको छ, त्यसैले उहाँहरुको स्वास्थ्य परीक्षण र आवश्यक उपचार गरिएको हो।"

वीर अस्पतालका मेडिकल अफिसर डा सञ्जय धरेलले सबैजनाको स्वास्थ्यावस्था सामान्य रहेको बताउनुभयो। "उहाँहरुको अवस्था सामान्य छ। केही दीर्घरोगका बिरामीलाई आवश्यक परीक्षण र परामर्शका लागि सिफारिस गरेका छौँ", उहाँले भन्नुभयो।

पीडितले आफ्नो माग सम्बोधन हुनेमा विश्वस्त भएर फर्किने तयारीमा रहेको बताए। उनीहरुले गृहमन्त्रीसँग घर फर्किन आवश्यक सवारीको व्यवस्थापनका लागिसमेत माग गरेका छन्। "सहमति अनुसार समस्या समाधान हुने विश्वस्त छौँ", सिरहाका श्यामकुमार ठाकुरले भन्नुभयो, "हामी जे उद्देश्यले काठमाडौँ आयौँ, सोही अनुसार नीति निर्माणको प्रक्रिया अघि बढेको छ।" मिटरब्याज पीडितहरु ११ दिन हिँडेर काठमाडौँ आएका थिए।

## *सहकारी क्षेत्रको ...*

संविधान बमोजिम २९ हजार सहकारी संस्था र व्यवस्थापन प्रणाली स्थानीय र प्रदेश तहमा हस्तान्तरण भई सकेको छ। वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तीकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्धन र गरिबी न्यूनीकरणमा सहकारी क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ। बुँदागत रूपमा सहकारीका राम्रा पक्षहरूलाई तपसिल बमोजिम प्रस्तुत गर्न सकिन्छ :

- करिब ६३ लाख भन्दा बढी मानिस सहकारी अभियानमा आबद्ध रहेका छन्।
- जाति, भाषा, धर्म, सम्प्रदाय र विचारका आधारमा विभाजित समाजलाई जोडेर सामाजिक एकीकरणमा सहयोग पुऱ्याएको छ।
- समाजको प्रजातान्त्रीकरणमा सहयोग गर्दै सामाजिक द्वन्द्व व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।
- राष्ट्रिय पूँजी निर्माणमा सकारात्मक योगदान दिएको छ।
- संस्थागत जनसहभागितामा बढोत्तरी तथा दिगो विकासको आधार तयार गरेको छ।
- स्थानीय स्रोत साधनको समुचित परिचालनमा जोड दिएको छ।
- समतामूलक समाज र समृद्ध अर्थ व्यवस्था निर्माणमा सहयोग गरेको छ।
- समाजको पूँजीकरणमा सहयोग गरेको छ।
- महिला सशक्तीकरण र नेतृत्व विकासमा सहयोग पुर्‍याएको छ।
- ग्रामीण क्षेत्रको पुँजीलाई चलायमान गतिशील बनाउन सहयोग गरेको छ।

**१) वर्तमान समयमा सहकारीमा समस्या देखिनुका कारणहरु**

नेपालको सहकारी क्षेत्रले लक्षित बाटो र दिशा नलिनुमा एउटा पक्षको मात्र नभई राजनैतिक, प्रशासनिक, निजी, सहकारी आफ्नै र नागरिक सबैको केही न केही भूमिका रहेको देखिन्छ। जसलाई देहाय अनुसार उल्लेख गरिएको छ :

**सहकारीमा सञ्चालकको भूमिका**

- संस्थालाई सहकारी मूल्य, मान्यता र सिद्धान्त भन्दा राजनीतिक स्वार्थका आधारमा सञ्चालन गरिएको।
- सहकारी नेतृत्वमा राजनीतिक दलगत भागबण्डा गर्ने प्रचलन रहेको, जस्तैः सहकारी संघ, महासंघ आदिमा।
- संस्थागत वा सामुहिकता भन्दा पनि व्यक्तिगत स्वार्थमा प्रेरित रहेको।
- सहकारी विचार र दर्शन भन्दा राजनैतिक विचारलाई प्राथमिकता दिएको।
- सदस्य केन्द्रीत सेवा प्रवाहलाई बेवास्ता गरेको।

**नियामक निकायको भूमिका**

- समन्वयको कमी
- प्रभावकारी नियमन र अनुगमन गर्न नसकेको
- सेवा प्रवाहमा ढिलासुस्ती हुने गरेको
- अनियमितता र गलत क्रियाकलापलाई ढाकछोप गरिएको,
- अनियमितता र गलत क्रियाकलापमा सहयोगी भूमिका खेलेको,
- कर्मचारीमा विशेषज्ञ ज्ञानको अभाव र छिटो छिटो सरुवा हुने गरेको,
- नातावाद र कृपावाद हावी भएको।

**शेयर सदस्यको भूमिका**

- बचत तथा ऋणको कारोबारमा मात्र ध्यान केन्द्रीत गरेको,
- संस्थाका गतिविधिमा न्यून सहभागिता रहेको,
- समयमै संस्थासँगको आर्थिक कारोबार इमान्दारीपूर्वक नगरेको,
- सहकारी मूल्य, मान्यता र सिद्धान्तको पूर्ण पालना नगरेको,
- अनुत्पादक क्षेत्रमा बढी लगानी गरिएको,
- संस्थागत वा सामुहिकता भन्दा पनि व्यक्तिगत स्वार्थमा प्रेरित रहेको।

सहकारी संस्थामा तमाम समस्या आउनुमा सञ्चालक, नियामक र सदस्यको मात्र नभई अन्य समाजका सबै पक्षको भूमिका देखिन्छ। सहकारीलाई सहकारीको सिद्धान्त अनुसार नभई साहुकारीताको माध्यमबाट सञ्चालन गरेकोले समस्या आएको हो। सहकारीलाई दृह'न'का/िको समेत नमूनाको रुपमा चित्रण गरी अभिव्यक्ति दिने गरेको यदाकदा सुनिएको पाइन्छ।

**२) आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिका**

संविधानले समेत तीन खम्बे नीति अन्तर्गत मान्यता प्रदान गरेको सहकारी मुलुकको आर्थिक विकासको संवाहक हो। सहकारीले मुलुकको बचत तथा ऋण परिचालन गर्न, वित्तीय चेतना जगाउन र पूँजीको खाडल पूरा गर्न महत्वपूर्ण भूमिका खेलेको छ। आर्थिक विकासमा सहकारी क्षेत्रले खेलेको भूमिकालाई देशाय अनुसार प्रष्ट गर्न सकिन्छः

- समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयन गर्न,
- समुदायमा छरिएको बचत, श्रम र सीप संकलन र उपयोग गर्न,
- सदस्यहरुबाट संकलित बचत सदस्यकै हितका लागिपरिचालन गर्न,
- लगानीको वातावरण निर्माण गर्न,
- मुलुकमा लगानी प्रर्वद्धन गर्न,
- नागरिकलाई रोजगारी सिर्जना गर्न,
- समुदायको सशक्तीकरण गर्न,
- सामुहिक भावनाको जागरण गराउन,
- मुलुकको आर्थिक वृद्धि र विकास हासिल गर्न,
- आर्थिक असमानता हटाई सामाजिक न्याय कायम गर्न,
- समुदायको श्रोतमा पहुँच सुनिश्चित गर्न,
- स्वरोजगारको सिर्जना गर्न र आर्थिक सामाजिक रुपान्तरण गर्न,
- कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न,
- नेतृत्व र सीप विकास गर्न,
- बढ्दै गएको प्रतिभा पलायन रोक्न,
- समुदायको सामूहिक हित विकास गर्न,
- सहअस्तित्व र सेवा भावको प्रर्वद्धन गर्न,
- आयात प्रतिष्थापन तथा निर्यात प्रर्वद्धन गरी व्यापार घाटा कम गर्न।

**३) सहकारीका वर्तमान समस्या समाधानका उपायहरुः**

सहकारी क्षेत्रमा वर्तमान समयमा चौतर्फी प्रहार भएका छन्। सहकारी क्षेत्रको वर्तमान समस्याहरुमा सुधार र यसको कूल ग्राहस्थ उत्पादनमा योगदान बढाई संविधानको अपेक्षा अनुरुप सहकारिता प्रर्वद्धन देहाय अनुसारका उपायहरु अपनाउन सकिन्छ :

**(क) नीतिगत सुधार**

**सहकारी ऐन, नियम र कार्यविधिमा एकरुपता कायम गर्ने,**

– कानून कार्यान्वयनका लागि तत्काल सबै कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने,
– सहकारी अभियानका तर्फबाट उठाइएको कानूनी सवालहरु निप्टारा गर्ने,
– सन्दर्भ ब्याजदर कडाइका साथ लागू गर्ने,
– दिगो विकासका लक्ष्य, चालू योजना र सहकारी नीति बीच सामन्जस्यता मिलाउने,
– लगानी मैत्री सहकारी कानूनहरू निर्माण तथा सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने,

**नियमन निकाय प्रभावकारी बनाउनु पर्ने।**

**(ख) पद्धतिमा गर्नु पर्ने सुधार**

- सहकारीलाई आधुनिक प्रविधियुक्त बनाउने,
- COPOMIS प्रभावकारी ढंगले लागू गर्ने,
- सहकारी संस्थाका सबै निर्णय प्रक्रियामा शेयर सदस्यलाई सहभागी गराउने,
- विवरणहरु कम्प्युटरीकृत गर्नुपर्ने,
- प्रजातान्त्रिक विधिमा सञ्चालक समिति गठन गरिनु पर्ने,
- संस्थालाई राजनीतिकरणबाट टाढै राख्ने।
- गैर सदस्यसँग कुनै पनि कारोवार नगर्ने।

**(ग) मनोवैज्ञानिक सुधार**

- सहकारी र सहकार्यको संस्कार विकास गर्ने,
- सञ्चालक र व्यवस्थापकलाई भन्दा शेयर सदस्यलाई पहिलो स्थान दिनु पर्ने,
- असल आचरण र सहकारी सुशासनको प्रर्वद्धन गर्नु पर्ने,
- सञ्चालकहरुले बचतकर्ताको बचत रकम खाएर भाग्ने प्रवृति सुधार गर्ने,
- सहकारी शिक्षा, चेतना र जागरण बढाउनु पर्ने।

**(घ) अन्य सुधारहरू**

- सहकारी एकीकरणलाई जोड दिने,
- सहकारीलाई उत्पादनसँग जोड्नु पर्ने,
- सहकारीमार्फत रोजगारी सिर्जना गर्नु पर्ने,
- स्थान विशेषको उत्पादन बढाई व्यापार घाटा न्युनीकरणमा जोड दिने,
- वस्तु उत्पादन, सेवा प्रवाह, प्रशोधन र बजारीकरणमा प्रोत्साहित गर्ने।

**अन्तमा**

सहकार्यको माध्यमबाट एक अर्कामा संगठित भई सदस्यको हित प्रर्वद्धन गर्ने कार्यलाई सहकारी भनिन्छ। नेपालको संविधानले मार्गदर्शन गरेको तीन खम्बे अर्थनीति को एक खम्बा सहकारी हो। नेपाल जस्तो विशिष्टीकृत भूबनावट भएको देशमा सहकारीको माध्यमबाट बचत परिचालन, रोजगारी सिर्जना र आर्थिक समृद्धि हासिल गर्दै आर्थिक सामाजिक रुपान्तरण र गरीबी निवारण गर्नु वर्तमान आवश्यकता हो। बैंक तथा वित्तीय क्षेत्रमा देखिएको समस्याको बाछिटा सहकारी संस्थाहरुमा पनि देखिएको छ। वर्तमान समयमा नेपालमा सहकारी संस्थाहरुमा देखिएको समस्यालाई समाधान गर्न सहकारी संस्थाहरु बीच प्रतिस्पर्धा नभई समन्वय र सहकार्य हुनु जरुरी छ। सबै सहकारीका सञ्चालक एवम् सदस्यहरुबीच आपसी सहयोग, सहकार्य र समन्वयबाट मात्र वर्तमान समस्या स्थायी समाधान गर्न सकिन्छ।

## विश्व समाचार

### तल्लो अदालतको फैसलाविरुद्ध पुनरावेदन गर्दै गान्धी

सुरत, १९ चैत (रासस/पिटिआई)।

गुजरातको एक अदालतबाट मानहानी मुद्दामा दोषी ठहरिनु भएका भारतीय काङ्ग्रेसका नेता राहुल गान्धीले तल्लो न्यायलयको निर्णयविरुद्ध माथिल्लो अदालतमा पुनरावेदन गर्नुहुने भएको छ।

गुजरातको 'सेसन कोर्ट' ले नेता गान्धीलाई यही चैत ९ गते मानहानी मुद्दामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको थियो। नेता गान्धीले सोमबार सेसन कोर्टको उक्त सजायविरुद्ध भोलि पुनरावेदन गर्नुहुने उहाँको पार्टीका वरिष्ठ नेताहरूले बताएका छन्।

"तल्लो अदालतको आदेशलाई चुनौती दिँदै भोलि सुरत अदालतमा अपील दायर गरिनेछ, राहुल गान्धी पनि त्यहाँ उपस्थित हुनुहुनेछ," नेता गान्धीको कानुनी समूहका एक सदस्यले नाम सार्वजनिक नगर्न अनुरोध गर्दै पिटिआईलाई भनेका छन्।

उच्च अदालतमा पुनरावेदन गर्न उक्त अदालतले उहाँलाई अवसर दिँदै ३० दिनको लागि सजाय स्थगन गरेको थियो। मानहानी मुद्दामा दोषी ठहर गरेपछि लोकसभा सदस्य रहनुभएका गान्धी विधायकका निम्ति अयोग्य घोषित हुँदै पदमुक्त हुनुभएको थियो। बाउन्न वर्षीय गान्धीलाई भारतीय दण्ड संहिता (आइपिसी) धारा ४९९ र ५०० अन्तर्गत अदालतले दोषी ठहर गरेको थियो।

विपक्षी दलका नेता गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीको थरका बारेमा गरेको टिप्पणीले समस्त मोदी थर भएकाको मानहानी भएको ठहर अदालतले आइतबार उक्त आदेश गरेको हो। सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले 'चोर मोदीहरू' भन्नुभएको थियो। उहाँले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भन्नुभएको थियो।

नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवम् गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरुद्ध मुद्दा दायर गर्नुभएको थियो।

### कपाल देखाएको अभियोगमा दुई महिला पक्राउ

तेहरान, १९ चैत (रासस/एपी)।

पहिरनसम्बन्धी सरकारले जारी गरेका आदेशको उल्लङ्घन गरी सार्वजनिक रुपमा कपाल देखाएको अभियोगमा दुई जना महिलालाई पक्राउ गरिएको छ।

यहाँको एक पसलमा दही किन्न गएका उनीहरूलाई एक जना पुरुष ग्राहकले हिजाब नलगाएको भन्दै दहीले बारम्बार आक्रमण गरेका थिए। सार्वजनिक व्यवस्था बिगारेको आरोपमा ती आक्रमणकारीलाई पनि पक्राउ गरिएको न्यायपालिकाको मिजान समाचार समितिले जनाएको छ।

इरानको न्यायपालिकाले ती महिलालाई कपाल देखाएको आरोपमा हिरासतमा लिइएको बताएको छ। इरानमा महिलाले टाउको नढाक्नु गैरकानूनी मानिन्छ। यसअघि हिजाब अनिवार्य लगाउनुपर्ने कानुनी व्यवस्था अन्त्य हुनुपर्ने माग गर्दै देशमा महिनौंदेखि विरोधप्रदर्शन भइरहेका छन्।

सार्वजनिक रुपमा हिजाब नलगाउनु इरानमा महिलाहरूका लागि गैरकानूनी भए पनि ठूला शहरहरूमा धेरैले हिजाब लगाउँदैनन्। कानुनप्रतिको क्रोध र निराशाले इरानी समाजमा असन्तुष्टि बढाएको छ।

तेहरानको धार्मिक प्रहरीले नियमअनुसार हिजाब नलगाएको आरोपमा गत सेप्टेम्बरमा हिरासतमा लिइएकी २२ वर्षीया महसा अमिनीको मृत्यु भएपछि देशभर विरोध व्याप्त छ। हजारौँलाई पक्राउ गरिएको छ भने चार जना प्रदर्शनकारीलाई मृत्युदण्ड दिइएको छ।

इरानी राष्ट्रपति इब्राहिम रायसीले इरानी महिलाहरूले हिजाबलाई धार्मिक आवश्यकताको रूपमा लिनुपर्ने भन्दै त्यसको पालना गर्न निर्देशन दिनुभएको छ। "हिजाब कानुनी कुरा भएकाले त्यसको पालना गर्नु अनिवार्य छ," उहाँले भन्नुभएको छ।

### गीत बजाएपछि रेडियो स्टेशन बन्द

जलालाबाद (अफगानिस्तान), १९ चैत (रासस/एपी)।

अफगानिस्तानको उत्तरपूर्वमा रहेको रेडियो स्टेशन तालिवान प्रशासनले बन्द गराएको छ। महिलाद्वारा सञ्चालित उक्त रेडियो स्टेशनले पवित्र रमजान महिनामा गीत बजाएकाले प्रसारण बन्द गरिएको तालिवानका एक अधिकरीले बताएका छन्।

दशवर्षअघि प्रारम्भ गरिएको सादाइ बानोवान अर्थात् महिलाको आवाज रेडियो स्टेशनमा आठ जना कर्मचारीमध्ये छ जना महिला कार्यरत थिए।

बदख्शान प्रान्तका सूचना तगा संस्कृति निर्देशक मोइजुद्दिन अहमदीले रमजानको समयमा गीतसङ्गीत प्रसारण गरेर इस्लामिक कानुनको उल्लङ्घन गरेकाले प्रसारण बन्द गरिएको बताएका छन्। भविष्यमा पुनः कानुनको उल्लङ्घन नगर्ने प्रतिबद्धता व्यक्त भएमा प्रसारणको अनुमति दिइने पनि उनले बताएका छन्।

# जलवायु परिवर्तनमा कमि गर्न नीतिगत निर्णयलाई कार्यान्वयन गर्नुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजबिराज, १९ चैत ।**

जलवायु परिवर्तनले समुदायमा पारेको असरलाई नीति निर्माणमार्फत दलित तथा सिमान्तकृत वर्गको हकअधिकारलाई अध्ययन अनुसन्धान गरी उकास्नुपर्ने एक कार्यक्रममा जोड दिइएका छ ।

समता फाउन्डेशनले आइतबार राजविराजमा आयोजना गरेको जिल्लास्तरिय जलवायु परिवर्तनवाट पारेको प्रभाव सम्बन्धी छलफलमा सरोकारवालाहरूले सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा समता फाउन्डेशनका निर्देशक उज्जवल सुनदासले प्रतिवेदन प्रस्तुत सप्तरी, सिरहा लगायतका ठाउमा जलवायु परिवर्तनले सुमदायमा कृषि, सुखा खडेरी, खेती योग्य जमिनमा घरघडेरी, बाढीको समस्या, उत्पादनमा कमि, बारीनालीमा किराको प्रकोपले बढी असर पारेको बताए ।

जलवायु परिवर्तनले समयमा खेतीयोग्य जमिनमा पानी नपर्दा, पानीको श्रोत, मानविय श्रोतको समुचित परिचालन तथा जनचेतनाको अभाव नै मुख्य समस्या हो उनले भने ।

प्रकोप नजान दिन पुर्व तयारी सँगै जोखिमवाट बच्न माथिल्लो तह र स्थानिय तहमा दिगो नीति निर्माणलाई कार्यान्वयन गर्न सरोकारवाला निकाय गम्भीर हुनुपर्नेमा उनको जोड थियो ।

कार्यक्रम संयोजक रामपुकार महराले खासगरी जलवायु परिवर्तनको असर धेरै देखिनुको मुख्य कारण आर्थिक स्रोतको अभाव, पर्याप्त दक्ष जनशक्तिको अभाव, समयसापेक्ष जलवायु परिवर्तनबारे नीति, नियम, रणनीतिहरु नहुने यसको मुख्य समस्या भएको बताए । उनले भने, तराई र पहाडी जिल्लाहरुमा ठूलो मात्रामा किसानले लगाएको बालीनालीमा क्षति गरेर खाद्य संकट उत्पन्न भइरहेको छ ।

उक्त छलफलमा समता फाउन्डेशनका निर्देशक उज्जल सुनदास, कार्यक्रम संयोजक रामपुकार महरा, सिरहा मानव रक्षक सन्तोष बिसुन्खे, सप्तरी मानव रक्षक शंभु राम लगायतले सहजिकरण गरेका थिए । उक्त अवसरमा विभिन्न स्थानिय तहका प्रतिनिधि, संचारकर्मि तथा सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो ।

# २१ सदस्यीय सप्तरी फोटोग्राफर संघको कार्यसमिति चयन




**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

फोटोग्राफर संघ सप्तरीको शनिवार सम्पन्न बन्द सत्रवाट रमेश कुमार राउतको अध्यक्षतामा २१ सदस्यीय कार्य समिति चयन गरिएको छ ।

सर्वसम्मति चयन गरिएको समितिको उपाध्यक्षमा सुरेश कुमार चौधरी, सचिव जितेन्द्र कुमार यादब, सहसचिवमा मनोज राउत तथा कोषाध्यक्षमा देव नारायण साह चयन भएका छन ।

यसैगरी सदस्यहरूमा रामकुमार चौधरी, शिव प्रसाद साह, सुरेन्द्र राम, ओम प्रकाश चौधरी, खडा नन्द चौधरी, दिलिप चौधरी, बच्चालाल राउत, पप्पु साह, प्रदिप साह, पप्पु गोईत, रोहन साह, तारणी प्रसाद साह, रामकुमार यादब, रामकुमार यादब, श्यामकुमार यादब, धर्मेन्द्र चौधरी, प्रदिप श्रेष्ठ, चन्द्रकला साह र ललिता चौधरीलाई चयन गरिएको छ ।

त्यस्तै सल्लाहाकारमा पंकज भगत, मात्रिका प्रसाद साह, मोहित यादब, बिनोद गुप्ता र जय नारायण राउत रहेको सचिव जितेन्द्र यादबले जानकारी गराएको छ भने कानुनी सल्लाहाकारमा धिरेन्द्रलाल कर्णलाई राखिएको छ ।

# पालिका स्तरीय क्रिकेट प्रतियोगिताको फाइनलमा को. बरसाइन प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित गाउँपालिका स्तरीय टी ट्वान्टी क्रिकेट प्रतियोगिताको फाइनलमा को. बर्साइन प्रवेश गरेको छ ।

फाइनल प्रवेशका लागि तिलाठी, सकरपुरा र को. बर्साइन टिमबीच कडा प्रतिस्पर्धा रहेपनि नेट रन रेटको आधारमा वडा नं. ५ को. बर्साइन फाइनलमा स्थान बनाउन सफल भएको हो ।

आइतबार सम्पन्न खेलमा वडा नं. ३ सकरपुराले वडा नं. ८ तोपालाई ९ विकेटले पराजित गरेको छ । जितको लागि १५ ओभरमा ५७ रनको लक्ष्य सकरपुराले ३ ओभर २ बलमा १ विकेट गुमाई लक्ष्य हासिल गरेको थियो ।

सो खेलमा टस जितेर ब्याटिङ्ग गरेको तोपाले निर्धारित १५ ओभरको खेलमा १३ ओभर ४ बलमा सबै विकेट गुमाई ५६ रन मात्र बनाउन सक्यो । तोपाका लागि धनराज मण्डलले सर्वाधिक २५ रन बनाएका थिए भने सरवन मण्डलले १० रनको योगदान दिएका थिए । सकरपुराका लागि साकेत सिंह र अमित मण्डलले ३/३ विकेट लिए भने धनञ्जय झाले २ र सुरज मण्डलले १ विकेट लिएका थिए ।

जितको लागि ५७ रनको लक्ष्य सकरपुरा टिमले ३ ओभर २ बलमा एक विकेट गुमाई लक्ष्य हासिल गऱ्यो । सकरपुराका लागि साकेत सिंहले अविजित ४१ रन बनाए । तोपाका लागि एक मात्र विकेट रविन्द्र मण्डलले लिएका थिए । उक्त खेलमा सकरपुराका साकेत सिंहलाई म्यान अफ द म्याच घोषित गरियो ।

यसअघि शनिबार सम्पन्न खेलमा सकरपुराले तिलाठीलाई ३ विकेटले पराजित गरेको थियो । टस जितेर ब्याटिङ्ग गरेको तिलाठीले १६ ओभर ३ बलमा सबै विकेट गुमाई ११५ रन बनाएको थियो । जसमा शिव कामैतले सर्वाधिक ३९, लक्ष्मी रायले २९ र कारी झाले १४ रनको योगदान गरेका थिए । सकरपुराका लागि धनञ्जय झाले ४ ओभरमा १९ रन दिर ५ विकेट लिएका थिए भने अमित मण्डलले २ तथा साकेत सिंह र सुरज मण्डलले १/१ विकेट लिएका थिए ।

जितको लागि ११६ रन पछ्याएको सकरपुरा १६ ओभर ५ बलमा ७ विकेट गुमाई विजयी हासिल गर्न सफल भयो । सकरपुराका लागि अमित मण्डलले सर्वाधिक ४८ रन बनाएका थिए भने साकेत सिंहले ३२ रन बनाएका थिए । तिलाठीका लागि चन्दन झाले ४ र कारी झाले ३ विकेट लिएका थिए । उक्त खेलमा सकरपुराका धनञ्जय झालाई म्यान अफ द म्याच घोषित गरिएको थियो ।

*बलात्कारका अभियुक्त ...*

सुनाए पछी जाबुल फरार भएका थिए ।

शनीवार साँझ घर मै लुकि वसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका उनलाई आईतवार सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयका सप्तरीले जनाएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**आगलागीबाट सावधानी अपनाऔं ।**
निम्न कारणबाट आगलागी हुनसक्छ,
- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*